# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं फाल्गुन २५ गते २०१० साल [ संख्या २१

## भाग ३

### उद्योग वाणिज्यमन्त्रालयको सूचना

पत्रसंख्या सि. स । नु. ९८६।ख८८।०१०　　　　मिति २०१०।११।१८।२

१९५३ सनको कोटाको नेपाल भरमुलुकको निमित्त आउने नूनमध्ये पूर्व पश्चिम मधेश पहाड जिल्लाको निमित्त आउने नून झिकाउने गरी नियुक्त भएका इम्पोटरहरूले नून मन १ एकको रु ≈ दुइ आनाका दरले नगद डिपोजिट राख्नुपर्नेमा नगद डिपोजिटको सट्टा जमानी दिन पाऊँ भन्नेसमेत बेहोराको इम्पोटरहरूको निवेदन परेकोले निकाशनिमित्त रिपोट गरेकोमा नगद धरौट राखी लाइसेन्स उठाइसकेका बाहेक अरू लाइसेन्स उठाईं नसकेका इम्पोटरहरू नेपाली नागरिक भए ऐन सवालबमोजिम नून मन १ एकको रु ≈ दुइ आनाका दरले डिपोजिट राख्न चाहिने रुपैयाँको जिल्ला गोस्वाराका बडाहाकिमले पत्याएको जमानी दिए लिई लाइसेन्स दिनु भनी सरोकारवाला विभागलाई लेखी पठाइदिनुहोला भनी उद्योग वाणिज्य, खाद्य र सिभिल सप्लाइजमन्त्रालयबाट निकाशा भै आएबमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

292

सरोकारवाला जिल्ला, गौंडा, गोस्वारालाई लेखी गैसकेको हुनाले सबै ईम्पोर्टरहरूले थाहा पाउन् भन्नानिमित्त यो सूचना प्रकाश गर्ने काम भएको छ। माथि लेखिएबमोजिम नगद धरौट राखी लाइसेन्स उठाइसकेका बाहेक आजसम्म लाइसेन्स उठाई नसकेका इम्पोटरहरूले २०१० साल चैत्र १० गतेसम्ममा सो नूनमा लाग्ने डिपोजिटबापत जिल्ला, गौंडा, गोस्वाराका बडाहाकिमले पत्याएको धनजमानी वा जायजेथा जमानी दिई अघि प्रकाश भएको सूचनाबमोजिमका जिल्ला, गौंडा, गोस्वारामा गै कबूलियत गरी लाइसेन्स लिन जाइहोला। सो म्यादसम्ममा पनि लाइसेन्स नउठाएमा सोही बेहोरा जाहेर भै जानेछ। निम्न लेखिएका जिल्लाका निमित्त निम्न लेखिएबमोजिम नून झिकाउने गरी नियुक्त भएका निम्न लेखिएका मानिसको लाइसेन्स जिल्ला, गौंडा, गोस्वाराबाट यस विभागमा फिर्ता आइसकेकोले सो म्यादसम्ममा निम्न लेखिएका मानिसहरूले यस विभागमा आई लाइसेन्स लिइहोला।

| नाम थर वतन | कोटा पाएको जिल्ला | नून मन |
|---|---|---|
| प्रेमबहादुरचन्द बैतडी बस्कोट | बैतडी डँडेलधुरा | २५००० |
| लालविहारीराम दीनानाथप्रसाद कलवार का. इ. इन्द्रचोक | चितौन मकवानपुर | ५००० |
| लल्लुजी कलवार का. इ. मखनटोल | ऐ ऐ | ५००० |
| तेजराम अग्रवाल नेपालगञ्ज | बाँके | २०००० |
| प्यारेलाल अग्रवाल नेपालगञ्ज | ऐ | २०००० |
| रमेशचन्द्र शर्मा भद्रपुर | झापा | २५००० |
| भैरवप्रसाद जोशी का. इ. मैतीदेवी फाँट | दैलेख | २०००० |

आज्ञाले—

नीरराज.

सेक्रेटरी—उद्योग वाणिज्यमन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म